## सम्पादकीय

# समृद्धिको संवाहक बन्नेछ नदी डाइभर्सन

कालीगण्डकी नदीको केही भाग पानीलाई ड्याम बनाएर सुरुङमार्फत तिनाउ नदीमा झारेर बिजुली निकाल्ने, सिंचाइ गर्ने र खानेपनीको प्रबन्ध गर्नेगलगायत जलपर्यटनको उद्देश्यसहित नदी डाइभर्सनको सोंच बनाइएको हो। छिमेकी चीनमा याङ्सी नदीलाई धेरै ठाउँमा डाइभर्सन गरेर तरक्की हासिल गरिएको छ। तर, हामीकहाँ नदी डाइभर्सनको कुरा हुँदा विरोधका स्वर सुनिने गरेका छन्। यस्ता आयोजनालाई सफल पार्न सबै जुट्न जरुरी छ। नदी डाइभर्सनबाट समृद्धि हासिल गर्ने काममा सबैले अपनत्व लिनुपर्ने छ।

जलसम्पदाको विवेकशील सदुपयोगमार्फत समृद्धिको सपना साकार पार्ने लक्ष्यसहित अघि बढाइएको कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजना अब निर्णायक मोडमा पुगेको छ। सर्वोच्च अदालतले विरोधका नाममा अबरुद्ध पारिएको आयोजना अघि बढ्न सक्ने आदेश दिएपछि राष्ट्रिय गौरवको यो आयोजनाले पुनः गति लिएको छ। यो आयोजनाले जलस्रोतको बहुउपयोग गर्दै विद्युत् उत्पादन, सिँचाइ सुविधा, वातावरण संरक्षण र समग्र आर्थिक विकासमा उल्लेखनीय योगदान पुऱ्याउनेछ।

जल सम्पदामा धनी मानिएको नेपालको क्षेत्रफलको कुल भूभागमध्ये १८ प्रतिशत अंश पानी तथा हिउँले ढाकिएको छ। जसमध्ये २ दशमलव ७ प्रतिशतमा पानी रहेको छ भने १५ दशमलव ३ प्रतिशत हिउँले ढाकिएको छ। विश्वका धेरै मुलुकमा नदी डाइभर्सन गरेर किनारमा रहेका बस्तीहरुमा पर्यटक तान्नेखालका संरचना निर्माण गरेका छन्। पाल्पाको राम्दीबाट सुरुङमार्फत तिनाउमा पानी खसाल्ने योजनाअन्तर्गत १०७ हजार हेक्टर जमिनमा सिँचाइ र १२६ मेगावाट विद्युत् उत्पादनको सम्भावना प्रस्तुत गरिएको छ। वर्षाको भर नपरेर कृषि उत्पादनमा आत्मनिर्भरता बढाउन आयोजनाको प्रभाव दीर्घकालीन हुनेछ। सर्वोच्चको आदेशले वातावरणीय सन्तुलनको ख्याल गर्दै जलचर संरक्षण, डाइभर्सनबाट हुने असर न्यून पार्ने, आवश्यक पानी पुनः नदीमा फर्काउनेलगायत व्यवस्थामा स्पष्ट मार्गनिर्देशन दिएको छ। संविधानले पनि दिगो विकास, वातावरण संरक्षण र प्राकृतिक स्रोतको समुचित उपयोगमार्फत समृद्ध राष्ट्र निर्माणमा राज्यको दायित्व सुनिश्चित गरेको सन्देश दिएको छ।

सर्वोच्चले विद्युत् र सिँचाइजस्ता दिगो विकास लक्षित कार्यक्रम, पानीमात्र पथान्तरण (डाइभर्सन) हुँदा शालिग्रामको नास नहुने, नदीजन्य पदार्थको उत्खनन् मापदण्डका आधार तय गरिने, जलचर जोगाउन २० प्रतिशभन्दा बढी पानी छाड्ने प्रावधान, कृषि उत्पादनमा वृद्धि,आन्तरिक प्रतिफल १५.५ प्रतिशत हुने, भावी पुस्ताले कालीगण्डकी नदी अवलोकन गर्न पाओस् भन्दै हचुवा तर्कका आधारमा डाइभर्सन निर्माण कार्य नरोक्नू भनी दिएको आदेश सकारात्मक छ। कालीगण्डकी-तिनाउ डाइभर्सन अब केवल एक आयोजनामात्र होइन, समृद्ध नेपालको चाहना, आत्मनिर्भरताको अभिव्यक्ति र दिगो विकासको मार्गदर्शन हो।

# ढाकावाङका किसानलाई मौरी वितरण

अर्घाखाँची, वैशाख ४। अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१ र २ ढाकावाङका मौरीपालक किसानलाई मौरीसहित आवश्यक सामग्री वितरण गरिएको छ। प्रगति किसान सहकारी संस्थामार्फत मौरीपालक किसानको लागत घटाउँदै बढी मुनाफा लिनसक्ने र आर्थिक अभिवृद्धि गर्ने उद्देश्यले ती सामग्री वितरण गरिएको हो। बिहीबार आयोजित एक कार्यक्रमकाबीच भूमिकास्थान नगरपालिकाका प्रमुख झविलाल थापा, उपप्रमुख बालाकृष्ण बञ्जाडे, प्रमुख प्रशासकीय अधिकृत जग्दिशचन्द्र नेपाली र सहकारीका अध्यक्ष भुवानन्द भुसालले किसानलाई मौरीसहित आवश्यक सामग्री वितरण गरेका हुन्।

नगरप्रमुख थापाले आधुनिक मौरीपालनमार्फत महको उत्पादन बढाउन र मौरी संरक्षण गर्न किसानलाई आग्रह गर्दै व्यावसायिक रूपमा मौरीपालन गर्दै आएका किसानलाई प्रोत्साहन गरी आर्थिक विकासमा सहयोग पुगोस् भनेर सीमित स्रोतका बावजुद नगरपालिकाले ५० प्रतिशत अनुदानमा मौरीसहित आवश्यक सामग्री वितरण गरेको बताए।

नगरउपप्रमुख बञ्जाडे, प्रमुख प्रशासकीय अधिकृत नेपाली, योजना शाखा प्रमुख हरिश्चन्द्र भुसाललगायतले मौरीपालन पेसा सहजै जस्तो भए पनि किसानले चरनको समस्या झेल्ने गरेका बताए। मौरी चरनका लागि विभिन्न समस्या झेल्नुपर्ने अवस्था रहेको बताउँदै यसको समाधानका लागि बालीमा कडाखालका विषादी प्रयोग घटाउनुपर्नेमा उनीहरूले जोड दिए।

सहकारीमा आबद्ध एक सय किसानलाई भूमिकास्थान नगरपालिकाको ५० प्रतिशत अनुदानमा ७९ वटा मौरीसहितको घार, ४० वटा सुपरसहित माहुरी घार, चार सय २५ थान मह प्याक गर्ने प्लास्टिक बट्टा, ३८ थान जाली टोपी घुम्टी, ५० जोर पञ्जा, ४८ थान फिडर, तीन सय थान लेवलिङ छपाइ, स्ट्याण्डलगायत सामग्री वितरण गरिएको सहकारीका अध्यक्ष भुसालले जानकारी दिए। उनका अनुसार ती सामग्री वितरणपूर्व किसानलाई दुई दिने तालिमसमेत दिइएको थियो।

अनुदानमा मौरीसहित सामग्री पाएसँगै किसान उत्साहित हुँदै खुसी व्यक्त गरेका छन्। मौरीपालन व्यवसायलाई थप प्रवर्द्धन गर्न नगरपालिकाको सहयोगले टेवा पुग्ने किसानको भनाइ छ।

# आयोडिनयुक्त नुन उत्पादन तथा बिक्रीसम्बन्धी ऐन २६ वर्षपछि कार्यान्वयनमा




काठमाडौँ, वैशाख ४। सरकारले आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरणसम्बन्धी ऐन लागू गरेको छ। विसं.२०५५ मा बनेको उक्त ऐन २६ वर्षपछि कार्यान्वयनमा आएको हो। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलद्वारा पेस गरिएको प्रस्ताव यही वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकबाट पारित भएपछि ऐन कार्यान्वयनमा आएको हो। ऐन कार्यान्वयनमा आएसँगै स्वास्थ्य मन्त्रालयले यसअघिको अनुसन्धानमा बालबालिकामा अधिक रुपमा पाइएको आयोडिन र त्यसबाट सिर्जित स्वास्थ्य समस्या समाधानमा काम अघि बढाउन कानुनी बाटो खुला गरेको छ।

ऐन जारी भएको सूचना २०५५ माघ १ को राजपत्रमा प्रकाशन भएर राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिबाट प्रारम्भ हुने उल्लेख थियो। त्यसयताका सरकारहरूले कार्यान्वयनका लागि राजपत्रमा सूचना प्रकाशन नगर्दा उक्त ऐन कानुनी रूपमा लागू भएको थिएन। जसका कारण ऐनको कार्यान्वयन तथा नियमनका लागि नियमावली तथा निर्देशिका बनाउन सकिएको थिएन। अब साढे दुई दशकपछि मन्त्रालयलाई यससम्बन्धी काम अघि बढाउन कानुनी बाटो खुला भएको छ। मङ्गलबारको मन्त्रिपरिषद् बैठकले आगामी साउन १ गतेदेखि लागू हुने गरी राजपत्रमा सूचना प्रकाशन गर्ने निर्णय गरेको हो। योसँगै ऐन बनेको २६ वर्षपछि बल्ल कार्यान्वयनमा आउने भएको हो। नेपालमा विगतमा बनेको मापदण्डका कारण बालबालिकामा आवश्यकताभन्दा बढी आयोडिन उपलब्ध हुँदा गम्भीर स्वास्थ्य समस्या आएको मन्त्रालयद्वारा एक दशकअघि गरिएको अनुसन्धानले देखाएको स्वास्थ्य मन्त्रालयको स्वास्थ्य सेवा विभागअन्तर्गतको पोषण शाखा प्रमुख लिलाविक्रम थापाले बताए।

सन् २०१६ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको सूक्ष्म पोषक तत्व विश्लेषण सर्वेक्षणमा ६ देखि ९ वर्षका बालबालिकाको पिसाबमा तीन सय माइक्रोग्राम प्रतिलिटर आयोडिन हुनुपर्नेमा तीन सय १४ भेटिएको थियो। जसका कारण उच्च रक्तचाप, थाइरोइडलगायत समस्या देखिने गरेको चिकित्सक बताउँछन्। व्यावहारिक रूपमा अभ्यासमा आए पनि राजपत्रमा ऐनको सुरुआत तथा क्षेत्रसहितको विवरण प्रकाशनको सूचना नआएकाले यसले नियमावली तथा निर्देशिका बनाएर स्वास्थ्य समस्या समाधान गर्न अड्चन आएको मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले बताए। 'अब स्वास्थ्य, कृषि तथा समृद्ध मन्त्रालय मिलेर मापदण्ड परिमार्जन वा अरू आवश्यक काम गर्न सहज हुनेछ,' उनले भने।



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल बैशाख महिना ५ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय सराईबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

### तपशिल

**१) कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| तारापति भट्टराईको नाति केशव प्रसाद भट्टराईको छोरा पाल्पा जिल्ला चिदीपानी वडा नं. ७ हाल, माथागढी गा.पा. वडा नं. १ बस्ने **प्रकाश भट्टराई** (ना.प्र.नं. : ३९१०१७/६२७ जारी मिति र जिल्ला : २०६८/०२/३०, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) छविलाल तिमील्सीनाको छोरी केशव प्रसाद भट्टराईको बुहारी प्रकाश भट्टराईको पत्नी पाल्पा जिल्ला चिदीपानी वडा नं. ७ हाल, माथागढी गा.पा. वडा नं. १ बस्ने **सीता तिमील्सीना** (ना.प्र.नं. : ३९१०४९/५२३ जारी मिति र जिल्ला : २०६३/०४/०८, पाल्पा) |
| २) जेतुलाल वश्यालको नाति लोक नाथ वश्यालको छोरा पाल्पा जिल्ला चिदीपानी गा.वि.स. वडा नं. ७ हाल, माथागढी गा.पा. वडा नं. १ बस्ने **कृष्ण वश्याल** (ना.प्र.नं. : ३९-०१-७०-०४९६९ जारी मिति र जिल्ला : २०७०/०७/१०, पाल्पा) |

**२) कर्जा शिर्षक : सहुलियत कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **सगुन होटल** प्रोप्राइटरको नाम : सोम्नी राई प्रा.फ.द.नं. : ५९३५/०७७<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, तानसेन दर्ता मिति : २०७७/११/१४<br>रजिष्टर्ड ठेगाना : पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. ३ स्थायी लेखा नं. : ६१५१९५९९५ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) कसान भुजेलको छोरी बल बहादुर राई मगरको बुहारी गोविन्द बहादुर राई मगरको पत्नी पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ बस्ने **सोम्नी राई** (ना.प्र.नं.: ३९३०४९/४३८ जारी मिति र जिल्ला : २०६३/११/०९, पाल्पा) |
| २) गोमान सिं राई मगरको नाति बल बहादुर राई मगरको छोरा पाल्पा जिल्ला मदनपोखरा वडा नं. ६ हाल पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ बस्ने **गोविन्द बहादुर राईमगर** (ना.प्र.नं. : ६०५३१ जारी मिति र जिल्ला : २०५३/०५/२६, पाल्पा) |
| ३) खिल बहादुर खवासको बुहारी अनिल खवासको पत्नी पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ बस्ने **वविता खवास** (ना.प्र.नं.: ३९१०४९/५४५ जारी मिति र जिल्ला : २०६६/०५/१८, पाल्पा) |

**३) कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| ज्ञाने कुमालको छोरी खेमे कुमालको बुहारी ऋषिराम कुमालको पत्नी पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं.२ बस्ने **सानी कुमाल** (ना.प्र.नं. : २४२९ जारी मिति र जिल्ला : २०४५/०१/०९, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) झग्रे कुमालको नाति खेमे कुमालको छोरा पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. २ बस्ने **ऋषिराम कुमाल** (ना.प्र.नं. : ३९१०५७/२४५ जारी मिति र जिल्ला : २०६७/०५/१४, पाल्पा) |
| २) डम्बर बहादुर कुमाल नाति बाम देव कुमालको छोरा पाल्पा जिल्ला रुप्से वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. २ बस्ने **रन बहादुर कुमाल** (ना.प्र.नं. : २०६२ जारी मिति र जिल्ला : २०४५/०१/०५, पाल्पा) |

**४) कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| डिल बहादुर लामिछानेको छोरी राम बहादुर घर्ति मगरको बुहारी लोक बहादुर घर्ति मगरको पत्नी पाल्पा जिल्ला कसेनी वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. ३ बस्ने **लक्ष्मीदेवी घर्ति मगर** (ना.प्र.नं. : ३९३००४/११५ जारी मिति र जिल्ला : २०६३/११/०१, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) टिका राम घर्ति मगरको नाति राम बहादुर घर्ति मगरको छोरा पल्पा जिल्ला कसेनी वडा नं. ३ हाल, माथागढी गा.पा. वडा नं. ३ बस्ने **लोक बहादुर घर्ति मगर** (ना.प्र.नं. : १२१९६१ जारी मिति र जिल्ला : २०६२/०६/०४, पाल्पा) |
| २) याम बहादुर खासुको छोरी टङक दर्लामीको बुहारी बसन्त बहादुर दर्लामीको पत्नी पाल्पा जिल्ला देवीनगर गा.वि.स. वडा नं. ४, पाल्पा हाल पूर्वखोला गा.पा. वडा नं. ४ बस्ने **पिमला दर्लामी** (ना.प्र.नं. : ३९-०१-७३-०४८२५ जारी मिति र जिल्ला : २०७३/०६/०९, पाल्पा) |

**५) कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| भुन बहादुर रानाको छोरी अमर बहादुर चिदीको बुहारी पुर्ण बहादुर चिदीको पत्नी पाल्पा जिल्ला बन्दीपोखरा वडा न. ३ हाल, तानसेन न.पा. वडा नं. ११ बस्ने **खेमा राना** (ना.प्र.नं. : ८६०१३ जारी मिति र जिल्ला : २०५८/०२/०४, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) अमर बहादुर चिदीको छोरी बल बहादुर थापाको बुहारी यम बहादुर थापाको पत्नी रुपन्देही जिल्ला पर्रोहा वडा न. ६ हाल, सैनामैना न.पा. वडा न. ५ बस्ने **गीता थापा** (ना.प्र.नं. : ७/३२७९ जारी मिति र जिल्ला : २०४६/०३/०९, रुपन्देही) |
| २) बल बहादुर थापाको नाति यम बहादुर थापाको छोरा पाल्पा जिल्ला मदनपोखरा वडा नं.४ हाल, तानसेन न.पा. वडा न. ८ बस्ने **दुर्गा थापा** (ना.प्र.नं. : ३९१०४९/८९७ जारी मिति र जिल्ला : २०६७/०२/१२, पाल्पा) |

**६) कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| लाल बहादुर थापाको छोरी इन्द्र बहादुर घर्ति मगरको बुहारी विर बहादुर घर्ति मगरको पत्नी पाल्पा जिल्ला गोठादी वडा नं. १ हाल, माथागढी न.पा. वडा नं. ६ बस्ने **विष्णु देवी घर्ति मगर** (ना.प्र.नं. : ३९१०१५/७०१ जारी मिति र जिल्ला : २०६९/०२/३०, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) लाल बहादुर थापाको छोरी ढाल बहादुर बराल मगरको बुहारी थान बहादुर बरालको पत्नी पल्पा जिल्ला गोठादी वडा न. १ हाल, माथागढी गा.पा वडा न. ६ बस्ने **नर्मदा बराल मगर** (ना.प्र.नं. : ३९१०१५/६३९ जारी मिति र जिल्ला : २०६८/०९/२९, पाल्पा) |
| २) गुंज बहादुर लुङचेको छोरी होम बहादुर बरालको बुहारी ढाल बहादुर बराल मगरको पत्नी पाल्पा जिल्ला गोठादी वडा न. १ हाल, माथागढी गा.पा. वडा न. ६ बस्ने **दुनीसरा बराल मगर** (ना.प्र.नं. : ८२७११ जारी मिति र जिल्ला : २०५७/०७/०३, पाल्पा) |

**७) कर्जा शिर्षक : सहुलियत कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **अविषेक बंगुर फर्म** व्यवसायीको नाम : चुरामणि राइ मगर दर्ता नं. : १७३/०७७/०७८<br>दर्ता गर्ने कार्यालय : तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रदेश नं. ५ पाल्पा<br>दर्ता मिति : २०७७/०९/०३<br>रजिष्टर्ड ठेगाना : पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ स्थायी लेखा नं. : ६१४७०६६३९ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) खेमान सिं राइ मगरको नाति बल बहादुर राइ मगरको छोरा पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ बस्ने **चुरामणि राइ मगर** (ना.प्र.नं. : ३९३०४९/२६३ जारी मिति र जिल्ला : २०६३/११/०८, पाल्पा) |
| २) दिल बहादुर सुनारीको छोरी बल बहादुर राई मगरको बुहारी चुरामणि राई मगरको पत्नी पाल्पा जिल्ला मदनपोखरा वडा नं. ६ हाल, तानसेन न.पा वडा नं. ९ बस्ने **सम्झना राई मगर** (ना.प्र.नं. : ३९-०१-६९-०४६७७ जारी मिति र जिल्ला : २०६९/०९/०२, पाल्पा) |
| ३) भिम बहादुर थापाको नाति डम्बर बहादुर थापाको छोरा पाल्पा जिल्ला मदनपोखरा वडा नं. १ हाल, तानसेन न.पा वडा नं. ९ बस्ने **देव बहादुर थापा** (ना.प्र.नं. : ३९१०४९/१०१७ जारी मिति र जिल्ला : २०६७/०७/११, पाल्पा) |

**८) कर्जा शिर्षक : साधारण कर्जा**

| ऋणीको विवरण |
|---|
| दिल बहादुर सुनारीको छोरी बल बहादुर राई मगरको बुहारी चुरामणि राई मगरको पत्नी पाल्पा जिल्ला मदनपोखरा गा.वि.स. वडा नं. २ हाल, तानसेन न.पा वडा नं. ९ बस्ने **सम्झना राई मगर** (ना.प्र.नं. : ३९-०१-६९-०४६७७ जारी मिति र जिल्ला : २०६९/०९/०२, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) खेमान सिं राइमगरको नाति बल बहादुर राइमगरको छोरा पाल्पा जिल्ला मदनपोखरा वडा नं. ९ हाल, पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ बस्ने **चुरामणि राइ मगर** (ना.प्र.नं. : ३९३०४९/२६३ जारी मिति र जिल्ला : २०६३/११/०८, पाल्पा) |
| २) जित बहादुर खवास मगरको नाति कुल बहादुर खवास मगरको छोरा पाल्पा जिल्ला मदनपोखरा वडा न. ६ हाल, तानसेन न.पा. वडा न. ९ पाल्पा बस्ने **विष्णु बहादुर खवास मगर** (ना.प्र.नं. : ८९७०३ जारी मिति र जिल्ला : २०५८/०९/१२, पाल्पा) |

**९) कर्जा शिर्षक : सहुलियत कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **सफल कस्मेटीक पसल** प्रोप्राइटरको नाम : लक्ष्मी घर्ति प्रा.फ.र.नं. : ३३४९/०७४/०७५<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, तानसेन दर्ता मिति : २०७४/०४/०९<br>रजिष्टर्ड ठेगाना : पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ९ स्थायी लेखा नं. : ६०६२८७१७१ |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) हुमलाल घर्तिको छोरी देउमान घर्तिको बुहारी लिला बहादुर घर्तिको पत्नी पाल्पा जिल्ला वराडव्डी वडा नं. ४ हाल, तानसेन न.पा वडा नं. ५ बस्ने **लक्ष्मी घर्ति** (ना.प्र.नं. : ५०१४४ जारी मिति र जिल्ला : २०५२/०६/२३, पाल्पा) |
| २) देउमान घर्तिको नातिनी लिला बहादुर घर्तिको छोरी पाल्पा जिल्ला तानसेन न.पा. वडा न. ९ बस्ने **बर्षा घर्ति** (ना.प्र.नं. : ३९-०१-७४-०२६१२ जारी मिति र जिल्ला : २०७४/०४/०९, पाल्पा) |
| ३) खडक बहादुर रिङ्गजालीको छोरी दिल बहादुर दर्लामी मगरको बुहारी यम बहादुर दर्लामी मगरको पत्नी पाल्पा जिल्ला देविनगर वडा न. ४ हाल, पुर्वखोला गा.पा वडा नं. ४ बस्ने **डिलमाया दर्लामी मगर** (ना.प्र.नं. : ३९१०३१/५८५ जारी मिति र जिल्ला : २०६८/०९/०८, पाल्पा) |

**१०) कर्जा शिर्षक : साना व्यक्तिगत कर्जा**

| ऋणीको विवरण |
|---|
| नाम : **नमुना कृषि तथा पशुपंक्षी फर्म** व्यवसायीको नाम : गंगी सरा रुचाल दर्ता नं. : २५/०७८/०७९<br>दर्ता गर्ने कार्यालय : तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रदेश नं. ५ पाल्पा<br>दर्ता मिति : २०७८/०४/१४ रजिष्टर्ड ठेगाना : पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ७<br>स्थायी लेखा नं. : ६१६१७०६३० |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) मिन बहादुर सारुको छोरी याम बहादुर रुचालको बुहारी खिमलाल रुचालको पत्नी पाल्पा जिल्ला रहवास वडा नं. ६ हाल, माथागढी गा.पा. वडा नं. ७ बस्ने **गंगीसरा रुचाल** (ना.प्र.नं. : ३९३०५४/२० जारी मिति र जिल्ला : २०६३/१०/१३, पाल्पा) |
| २) कर्ण सिं रुचालको नाति याम बहादुर रुचालको छोरा पाल्पा जिल्ला माथागढी गा.पा. वडा नं. ७ बस्ने **खिम लाल रुचाल** (ना.प्र.नं. : ३९-०१-७७-०३८१५ जारी मिति र जिल्ला : २०७७/०९/२८, पाल्पा) |
| ३) दल बहादुर थापाको नाति हुम बहादुर थापाको छोरा पाल्पा जिल्ला पुर्वखोला गा.पा. वडा नं.४ हाल, तानसेन न.पा. वडा नं. ७ बस्ने **पदम बहादुर थापा** (ना.प्र.नं. : ३९-०१-७०-००१८० जारी मिति र जिल्ला : २०७०/०१/०८, पाल्पा) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


# बढ्यो नेप्से परिसूचक



काठमाडौँ, वैशाख ४। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २६ दशमलव ४९ अङ्कले बढेर दुई हजार ७२२ दशमलव ७३ को विन्दुमा कायम भएको छ। बिहीबार तीन सय ११ कम्पनीको दुई करोड ३७ लाख ७३ हजार ७३१ कित्ता सेयर ९० हजार ५५५ पटक खरिदबिक्री हुँदा रू.१० अर्ब ७९ करोड ७३ लाख ६३ हजार २८२ दशमलव ३२ को कारोबार भएको नेप्सेले जनाएको छ।

साताको अन्तिम कारोबार दिन बिहीबार बजारसँगै कारोबार रकम पनि बढेको हो। बिहीबार एक सय ८७ कम्पनीको सेयर मूल्य बढ्दा ५९ कम्पनीको मूल्य घटेको छ। अघिल्लो दिन रू.सात अर्ब २६ करोड ५१ लाख २२ हजार दुई सय ४१ बराबरको कारोबार भएको थियो। बिहीबार व्यापार शून्य दशमलव १५ प्रतिशतले घटेको छ भने अन्य सबै समूहका परिसूचक बढेका छन्। बिहीबारको कारोबारमा नेपाल माइक्रो इन्सोरेन्स कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। बिहीबारको एनआएसी एसिया डिवेन्चरको सेयर मूल्य सबैभन्दा बढी चार दशमलव ७९ प्रतिशतले घटेको छ।